नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १ गते २०१९ साल

श्री ५ को सरकार

पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला पञ्चायत ऐन, २०१९ को दफा १४ को उप-दफा (४) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले प्रत्येक जिल्ला सभा र जिल्ला पञ्चायतको सचिवको पदमा सम्बन्धित जिल्लाको पञ्चायत विकास अधिकारीलाई मिति ०१९।८।१७ देखि नियुक्त गरेको छ।

तर सो अधिकारी नभएको जिल्ला सहायक पञ्चायत विकास अधिकारीलाई र निज पनि नभएको जिल्लामा पञ्चायत सुपरभाइजरलाई सो सचिव पदमा अर्को आदेश नभएसम्म नियुक्त गरेको छ।

आज्ञाले-
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला पञ्चायत (निर्वाचन) नियमावली, २०१९ को नियम ३ को उप-नियम (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला सभा र जिल्ला पञ्चायतको निर्वाचनको लागि सम्बन्धित जिल्ला बडाहाकिम वा मेजिष्ट्रेटलाई निर्वाचन अफिसर नियुक्त गरेको छ ।

आज्ञाले-
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव ,
पञ्चायत मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।